बैठक संख्याः १३
मितिः२०८२/०८/०३
समयः११:०० बजे
सिंजा गाउँपालिका नराकोट,जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिकासदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिकासदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिकासदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिकासदस्य | मागी वड | | |
| १३ | कार्यपालिकासदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिकासदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

निर्णय नं. १ सिंजा गाउँपालिका र रोयल रश्मी कन्ट्रक्शन प्रा.लि. बिच ठेक्का नं. SRM/NCB/WOEKS/BUILDING/01/082 अनुसार sinja gaupalika ko ward no. 3 Ra 5 Bhawan Nirman गर्ने गराउने कार्यका लागि मिति २०८१/०९/०८ मा सम्झौता भएकोमा उक्त भवन निर्माण स्थलमा फिल्ड काटने कार्यमा कडा चटान लागि समयमै फिल्ड कटिङ्गको कार्यमा ढिला भएको र वडा कार्यालयको भवन नहुदा सेवा प्रवाहमा समस्या हुने हुदा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (चौधौ संशोधन) सहित नियम १२० क बमोजिम ठेक्का कबोल अंकमा नबढने हरी थप दायित्व नव्यहोंने गरी २०८२ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्तावहरु:

१.मोटररेवल पुलको ठेक्का सम्बन्धमा ।

२.गाउँ शिक्षा समितिको सम्बन्धमा ।

३. पूर्व विद्यार्थी स्वयंमसेवी कोष सम्बन्धमा ।

४. गाउँपालिकाको प्रशासनिक भवन सम्बन्धमा ।

५. नव प्रर्वद्धन कार्यक्रम छनोट सम्बन्धमा ।

६. विविध सम्बन्धमा

निर्णय नं.प्रस्ताव नं १ माथी छलफल गर्दा सिंजा गाउँपालिकाको वडा नं २ को रुनुखाना र वडा नं ३ को कोटेसाँघुमा निर्माण हुने मोटरवेल बेलिबृज पुलका लागि संघिय सरकारको समपुरक कोष बाट प्राप्त रू १करोड ३९ लाख र गाउँपालिका बाट बिनियोजन रू २ करोड गरि जम्मा रू ३ करोड ३९ लाख मात्र भएको र उक्त पुलको लागत ७करोड रहेकोमा गाउँ कार्यपालिकाले क्रमागत ठेक्का आव्हान गर्ने निर्णय भए अनुशार लागत रकमको श्रोत सुनिश्चितका लागि नपुग हुन आउने रकम रू ३ करोड ६१ लाख मध्ये सिंजा गाउँपालिले बाँकि रकम २०८३ सालको बार्षिक नीति तथा कार्यक्रममा समावेस गरि १८ औं गाउँ सभाले बजेट बिनियोजन गर्ने गरि माथि उल्लेखीत दुई वटै पुलको ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.२प्रस्ताव नं २ माथी छलफल गर्दा सिंजा गाउँपालिकाको गाउँ शिक्षा समितिमा मनोनित सदस्यहरुको कार्य अवधि समाप्त भएकोले तपशिल बमोजिमका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

तपशिल:

१. प्रधानाध्यापक: जयलाल खत्री (मा.वि. चुलेल गाउँ)
२. विद्यालय व्यवस्थापन समिति अध्यक्ष: हरि बहादुर बुढा (महादेव मा.वि. गोठी पिङ्गी)
३. शिक्षा प्रेमी: नर बहादुर बुढा

निर्णय नं.३प्रस्ताव नं ३ माथी छलफल गर्दा सिंजा गाउँपालिका वडा नं. १ स्थित मालिका माध्यामिक विद्यालय धाँपामा पूर्व विद्यार्थी तथा स्वयंमसेवि कोष नामक संस्था दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं ४ माथी छलफल गर्दा सिंजा गाउँपालिकाको प्रशासनिक भवन निर्माण ठेकेदार कम्पनीले यही मंसिर मसान्त सम्म निर्माण सम्पन्न गर्ने प्रतिबद्धता बमोजिम हाल सम्म कुनै पनि कार्य प्रक्रिया अगाडी नबढाएकाले ठेकेदार कम्पनीलाई तुरुन्त कार्य अगाडी बढाउन तकेता सहितको निर्देशन सिंजा गाउँपालिकाको कार्यालयलाई दिने निर्णय गरियो

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिंजा गाउँपालिकामा नप्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत उद्यमशिलता विकास, व्यवसाय सम्वर्दन केन्द्र कार्यक्रम छनौट गर्ने र कुल लागतको २५ प्रतिशत बजेट यस पालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

सिंजा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत